# सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५

प्रमाणीकरण मिति

२०७५।३।३

संशोधन

केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७६ २०७६।५।४

प्रस्तावना : सार्वजनिक लिखतहरुको प्रमाणीकरण कार्यविधि सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १६२ को उपधारा (५) बमोजिम ♣सुदूरपश्चिम प्रदेशको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "कानून मन्त्रालय" भन्नाले प्रदेश सरकारको कानून सम्बन्धी विषय हेर्ने आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्छ ।

(ख) "प्रामाणिक प्रति" भन्नाले सार्वजनिक लिखत प्रमाणित गर्ने अधिकारीको हस्ताक्षर भएको सक्कल प्रति सम्झनु पर्छ ।

(ग) "प्रदेश" भन्नाले ♣सुदूरपश्चिम प्रदेशलाई सम्झनु पर्छ ।

(घ) "प्रदेश सभा" भन्नाले ♣सुदूरपश्चिम प्रदेशको प्रदेश सभालाई सम्झनु पर्छ ।

(ङ) "प्रदेश सरकार" भन्नाले ♣सुदूरपश्चिम प्रदेशको मन्त्रिपरिषद्लाई सम्झनु पर्छ ।

(च) "सचिव" भन्नाले प्रदेश सरकारको सचिव सम्झनु पर्छ र सो शव्दले प्रदेश सरकारको सचिव सरहको अन्य अधिकृत समेतलाई जनाउँछ ।

(छ) "सभामुख" भन्नाले प्रदेश सभाको सभामुख सम्झनु पर्छ ।

(ज) "सार्वजनिक लिखत" भन्नाले देहायका लिखत सम्झनु पर्छः–

(१) प्रदेश सभाले बनाएको ऐन,

(२) प्रदेश प्रमुखबाट जारी भएको अध्यादेश, आदेश, अधिकारपत्र वा सूचना,

(३) प्रदेश सरकारले बनाएको नियम,

(४) प्रदेश सरकारले जारी गरेको आदेश, अधिकारपत्र, सूचना वा अन्य लिखत,

---

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७६ द्वारा संशोधित

(५) प्रदेश सभाबाट पारित प्रस्ताव,

(६) प्रदेश मन्त्रिपरिषद्को निर्णय,

(७) संविधान, प्रचलित संघीय वा प्रदेश कानून बमोजिम प्रदेश सरकारले गर्ने नियुक्ति, सरुवा र अवकाशपत्र,

(८) संघीय वा प्रदेश कानून बमोजिम प्रदेशस्तरमा प्रमाणीकरण गर्नुपर्ने अन्य लिखत ।

(च) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

३. <u>ऐनको प्रमाणीकरण कार्यविधि</u> : (१) प्रदेश सभाबाट विधेयक पारित भएपछि प्रदेश सभाको सचिवालयले त्यस्तो विधेयक नेपाली कागजमा पाँच प्रति तयार गरी सभामुखले बिधेयक पारित भएको मिति समेत राखी हस्ताक्षर गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सभामुखबाट प्रमाणित बिधेयकका पाँच प्रतिहरु प्रदेश सभा सचिवालयले प्रमाणीकरणका लागि प्रदेश प्रमुख समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पेश भएका विधेयकका प्रतिहरुमा प्रदेश प्रमुखले मिति उल्लेख गरी हस्ताक्षर गरेपछि त्यस्तो विधेयक प्रमाणीकरण हुनेछ र ऐन बन्नेछ ।

(४) उपदफा (३) बमोजिमका प्रामाणिक प्रतिहरुमध्ये एक प्रति प्रदेश प्रमुखको कार्यालयमा राखी अन्य एक/एक प्रति प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश सभाको सचिवालय र नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउनु पर्नेछ र त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षितसाथ राख्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम प्राप्त भएको प्रामाणिक प्रतिको आधारमा आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिवले ऐन प्रमाणीकरण भएको मिति राखी सो ऐन प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ र यस्तो ऐन वेवसाइटमा समेत राखिनेछ ।

४. <u>प्रदेश सभाबाट पारित प्रस्तावको प्रमाणीकरण</u> : (१) संविधान तथा अन्य प्रदेश कानून बमोजिम प्रदेश सभाद्वारा पारित प्रस्तावको प्रमाणीकरण सभामुखको हस्ताक्षरबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रामाणिक प्रतिको आधारमा प्रदेश सभाका सचिव वा निजले तोकेको अधिकृतले सो प्रस्ताव कार्यान्वयन गर्ने वा गराउनेछ ।

५. <u>अध्यादेशको प्रमाणीकरण कार्यविधि</u> : (१) संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्बाट अध्यादेश जारी गर्न सिफारिस गर्ने निर्णय भएपछि आन्तरिक मामिला तथा कानून मन्त्रालयले त्यस्तो अध्यादेशको मस्यौदाको चार प्रति नेपाली कागजमा तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार भएको अध्यादेशको मस्यौदामा देहायका पदाधिकारीहरुले हस्ताक्षर गर्नु पर्नेछ :-

(क) प्रदेशको मुख्यमन्त्री,

(ख) सम्बन्धित विभागीय मन्त्री,

(ग) आन्तरिक मामिला तथा कानून मन्त्री,

(घ) प्रदेश सरकारको प्रमुख सचिव, र

(ङ) आन्तरिक मामिला तथा कानून मन्त्रालयको सचिव ।

(३) उपदफा (२) बमोजिम हस्ताक्षर भएको अध्यादेशको मस्यौदा आन्तरिक मामिला तथा कानून मन्त्रालयले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले त्यस्तो मस्यौदा प्रमाणीकरणको लागि प्रदेश प्रमुखसमक्ष पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त अध्यादेशको मस्यौदाका प्रतिहरुमा प्रदेश प्रमुखले मिति उल्लेख गरी हस्ताक्षर गरेपछि अध्यादेश प्रमाणीकरण हुनेछ ।

(५) उपदफा (४) बमोजिम प्रमाणीकरण भएपछि सो अध्यादेश ऐन सरह लागू हुनेछ ।

(६) उपदफा (४) बमोजिम अध्यादेश प्रमाणीकरण भएपछि त्यस्ता प्रामाणिक प्रतिहरुमध्ये एकप्रति प्रदेश प्रमुखको कार्यालयमा राखी अन्य एक एक प्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आन्तरिक मामिला तथा कानून मन्त्रालय र नेपाल सरकारको कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाउनु पर्नेछ । त्यसरी प्राप्त प्रामाणिक प्रति सुरक्षितसाथ राख्नु पर्नेछ ।

(७) उपदफा (६) बमोजिम प्राप्त भएको प्रामाणिक प्रतिको आधारमा आन्तरिक मामिला तथा कानून मन्त्रालयको सचिवले अध्यादेश प्रमाणीकरण भएको मिति राखी सो अध्यादेश प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

६. <u>प्रदेश प्रमुखबाट जारी हुने आदेश, अधिकारपत्र, सूचनाको प्रमाणीकरण</u> : (१) संविधान तथा अन्य संघीय वा प्रदेश कानून बमोजिम प्रदेश प्रमुखबाट जारी हुने आदेश, अधिकारपत्र, सूचना वा अन्य लिखत प्रमाणीकरण प्रदेश प्रमुखको हस्ताक्षरबाट हुनेछ ।

(२) उपदफा (१) बमोजिम कुनै आदेश, अधिकारपत्र, सूचना वा अन्य लिखत प्रमाणीकरण भएपछि प्रदेश प्रमुखको कार्यालयले एकप्रति आफ्नो कार्यालयमा सुरक्षित राखी त्यस्तो आदेश, अधिकारपत्र, सूचना वा अन्य लिखत प्रमाणीकरण भएको जानकारी तथा कार्यान्वयनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने विषय प्रकाशनको लागि कानून मन्त्रालयमा पठाउनु पर्नेछ ।

७. <u>नियम, आदेश तथा अधिकारपत्रको प्रमाणीकरण</u> : देहायका सार्वजनिक लिखतहरु जारी गर्ने सम्बन्धमा प्रदेश मन्त्रिपरिषद्ले निर्णय गरेपछि सोको आधारमा प्रदेशको प्रमुख सचिवले त्यस्तो लिखतका दुई प्रतिमा हस्ताक्षर गरी प्रमाणीकरण गर्नेछ र सोको एकप्रति मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा राखी अर्को प्रति प्रदेशको सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछः-

(क) प्रदेश सरकारले बनाएको नियम,

(ख) प्रदेश सरकारले जारी गरेको आदेश,

(ग) प्रदेश सरकारले जारी गरेको अधिकारपत्र,

(घ) संघीय वा प्रदेश कानून बमोजिम प्रदेश मन्त्रिपरिषद्ले गर्नुपर्ने निर्णय, जारी गर्नुपर्ने निर्देशिका वा अन्य सार्वजनिक लिखत ।

८. संविधान तथा अन्य प्रचलित कानून बमोजिम हुने नियुक्तिको प्रमाणीकरण : (१) संविधान तथा संघीय वा प्रदेश कानून बमोजिम प्रदेश प्रमुखबाट नियुक्ति हुने पदको नियुक्तिपत्र प्रदेश प्रमुखको हस्ताक्षरबाट प्रमाणीकरण हुनेछ ।

(२) उपदफा (१) बमोजिमको नियुक्ति पत्रको प्रामाणिक प्रति प्रदेश प्रमुखको कार्यालयले सुरक्षित राखी त्यस्तो प्रमाणीकरणको जानकारी तथा कार्यान्वयनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा र प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने विषय प्रकाशनको लागि प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयमा लेखी पठाउनु पर्नेछ ।

९. अन्य सार्वजनिक लिखतको प्रमाणीकरण : (१) प्रदेश मन्त्रिपरिषद्वाट भएका निर्णय तथा नियुक्तिको प्रमाणीकरण प्रदेश सरकारको प्रमुख सचिवबाट हुनेछ ।

(२) दफा ३, ४, ५, ६, ७, ८ र उपदफा (१) मा लेखिएदेखि बाहेकका प्रदेश सरकारको अन्य सार्वजनिक लिखतको प्रमाणीकरण प्रदेशको सम्बन्धित मन्त्रालयको सचिव वा निजले तोकेको अन्य अधिकृतबाट हुनेछ ।

(३) यस ऐनमा लेखिएदेखि बाहेकका अन्य सार्वजनिक लिखतको प्रमाणीकरण प्रदेश मन्त्रिपरिषद्ले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. प्रदेश राजपत्रमा प्रकाशन गर्ने : (१) यस ऐन बमोजिम प्रमाणीकरण भएका देहायका सार्वजनिक लिखतहरु सर्वसाधारणको जानकारीको लागि प्रदेश राजपत्रको देहायको भागमा प्रकाशन गर्नु पर्नेछः-

(क) प्रदेश प्रमुखबाट प्रमाणीकरण भएका ऐन वा अध्यादेश, भाग–१

(ख) प्रदेश सरकारले बनाएका नियम, प्रदेश मन्त्रिपरिषद्ले जारी गरेको आदेश वा अधिकारपत्र, भाग–२

(ग) प्रदेश ऐन, नियम वा आदेश अन्तर्गत वा प्रदेश मन्त्रिपरिषद्को निर्णयबमोजिम प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने सूचना र प्रदेश प्रमुखबाट हुने नियुक्ति भाग-३ र

(घ) प्रदेश सरकारले गरेका आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता भाग - ४

(२) उपदफा (१) बमोजिम प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्दा ऐन, अध्यादेश भए कानून मन्त्रालयको सचिवको नाम राखी निजको हस्ताक्षर सहित प्रदेश राजपत्रमा प्रकाशनको लागि प्रदेश सरकारले तोकेको मुद्रण गर्ने निकायमा पठाउनु पर्नेछ ।

(३) प्रदेश ऐन र अध्यादेश बाहेकका नियम तथा अन्य सूचनाको हकमा सम्बन्धित अधिकारी वा निकायको निर्णयको आधारमा सम्बन्धित मन्त्रालय वा निकायको सचिवले सम्पादनको लागि निर्णय फाईलसहित कानून मन्त्रालयमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्राप्त सूचना सम्पादन गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने भागसमेत खुलाई कानून मन्त्रालयले सम्बन्धित मन्त्रालय वा निकायमा पठाउनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम कानून मन्त्रालयले सम्पादन गरी पठाए बमोजिमको सूचनामा सम्बन्धित मन्त्रालय वा निकायको सचिवको नाम राखी निजको हस्ताक्षरसहित प्रदेश राजपत्रमा प्रकाशनको लागि कानून मन्त्रालयमार्फत प्रदेश सरकारले तोकेको मुद्रण गर्ने निकायमा पठाउनु पर्नेछ।

(६) उपदफा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (ग) बमोजिमका सूचना सम्बन्धित मन्त्रालय वा निकायको सचिवले अख्तियारी दिएको खण्डमा कम्तीमा राजपत्रांकित तृतीय श्रेणी वा सो सरहको अधिकृतले प्रदेश राजपत्रमा प्रकाशनको लागि पठाउन सक्नेछ ।

(७) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश राजपत्रमा प्रकाशन विना नै कार्यान्वयन गर्न सकिने विषयको आदेश वा निर्णयलाई प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने छैन ।

(८) कुनै सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नुपर्ने वा नपर्ने भन्ने विषयमा द्विविधा उत्पन्न भएमा सो विषयमा आन्तरिक मामिला तथा कानून मन्त्रालयले निर्णय गरेबमोजिम हुनेछ ।

११. अन्य प्रचलित कानून बमोजिम प्रमाणीकरण हुने विषयमा असर नपर्ने : कुनै सार्वजनिक लिखत प्रमाणीकरण सम्बन्धमा प्रचलित प्रदेश कानूनमा छुट्टै व्यवस्था भएकोमा त्यस्तो विषयमा यस ऐनमा लेखिएको कुनै कुराले असर पार्ने छैन ।

१२. दण्ड सजाय : (१) कसैले प्रदेश ऐन वा अध्यादेशको कीर्ते गरेमा, नभए नगरेको कुरा प्रमाणीकरण वा प्रमाणित गरेमा वा यस ऐन बमोजिम प्रमाणीकरण भएका प्रदेश ऐन वा अध्यादेशलाई केरमेट गरेमा वा यस ऐन प्रतिकूलको अन्य कुनै कार्य गरेमा त्यस्तो कार्य केही सार्वजनिक लिखत प्रमाणीकरण (कार्यविधि) ऐन, २०६३ प्रतिकूलको कसूर मानिनेछ र कसूरदारलाई सोही कानून बमोजिमको सजाय हुनेछ ।

(२) यस दफा बमोजिम कसूर गरेको कारणबाट कसैलाई कुनै किसिमको हानी नोक्सानी भएको रहेछ भने सोबापत क्षतिपूर्तिसमेत कसूरदारबाट भराउनु पर्नेछ ।

१३. सरकारवादी मुद्दा हुने : यस ऐन अन्तर्गतको मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची-१ मा समावेश भएको मानिनेछ ।

१४. नियम बनाउने अधिकार : यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

१५. <u>वचाउ</u> : यो ऐन प्रारम्भ हुँदाका वखत ♣<u>सुदूरपश्चिम प्रदेश</u> प्रदेश स्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण नियमावली, २०७४ वमोजिम प्रमाणीकरण भईसकेका विधेयकहरु यसै ऐन अनुसार प्रमाणीकरण भएको मानिनेछ ।

∇∇∇

♣ केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७६ द्वारा संशोधित